हाल महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ रोग नियन्त्रण सम्बन्धी विषयमा छलफल हुंदा यस रोगको नियन्त्रण, रोगथाम तथा उपचारका सिलसिलामा निम्नानुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. १,

यस रोगबाट प्रभावित जोखिम युक्त अवस्थामा रहेका बिरामीहरुलाई तत्काल चिकित्सकको प्रत्यक्ष निगरानीमा स्वास्थ्य संस्थाबाटै अक्सिजन सहितको उपचार सेवा दिनु पर्ने भन्ने चिकित्सकको परामर्श अनुसार दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा हाल संचालनमा रहेका ५ बेड संख्या न्यून देखिएकोले तत्काल बेडसंख्या थपगर्ने सिलसिलामा स्थान अभाव देखिदा उक्त स्वास्थ्य केन्द्रबाट संचालनमा आएको ओ.पि.डि. सेवा हाललाई बन्द गरी ओ.पि.डि.सेवा संचालन स्थलमा तत्काल अक्सिजन सहितको १० वेड थप गरी कोभिड उपचारको आपतकालिन सेवा संचालनमा ल्याउने ।

निर्णय नं. २,

यस नगरपालिका वडा नं. १६ रहजरमा रहेको सामुदायिक प्राकृतिक चिकित्सालयलाई यस नगरपालिकाले आइसोलेशन सेन्टरको रुपमा प्रयोग गर्ने भन्ने निर्णय गरिएकोमा चिकित्सकको परामर्श अनुसार हालको अवस्थामा कोभिडका विरामीहरुलाइ स्वास्थ्य कर्मीको प्रत्यक्ष निगरानीमा अक्सिजन सहितको उपचारसेवा आवश्यक पर्ने देखिएकोले आवश्यक स्वास्थ्यकर्मी सहित थप स्वास्थ्य उपकरणको व्यवस्थापनका लागि यस जिल्लाका अन्य स्थानीय तह समेतको संयुक्त प्रयासबाट आइसोलेशन केन्द्र संचलन गर्न उपयुक्त हुने भन्ने राय प्राप्त भइआए अनुसार उक्त कार्यका लागि जिल्ला कोभिड विपद् व्यवस्थापन समितिबाट निणर्य भए अनुसार गर्ने ।

निर्णय नं ३,

हालको अवस्थामा अक्सिजन सहितको स्वास्थ्य सेवा अनिवार्य देखिएको र अक्सिजन संकलन तथा व्यवस्थापनमा चौतर्फि समस्या रहेकोले यस नगरक्षेत्र लगायत अन्य स्थानका जुनसुकै उद्योगी, व्यवसायी, व्यक्ति, संस्था समेतमा समन्वयगरी अक्सिजन सिलिण्डर संकलन तथा रिफिल गर्ने, अक्सिजन रेगुलेटर, अक्सिमिटर जस्ता उपचारका क्रममा अति आवश्यक स्वास्थ्य उपकरण संकलन तथा व्यवस्थापनका लागि निम्नानुसार पदाधिकारीहरु रहेको स्वास्थ्य उपकरण संकलन तथा व्यवस्थापन समिति गठन गर्ने ।

श्री दिनानाथ भुसाल वडा अध्यक्ष वडा नं. १२

श्री भूपराज पाठक वडा अध्यक्ष वडा नं. ७

श्री रामकुमार श्रेष्ठ स्वास्थ्य शाखा प्रमुख देवचुली नगरपालिका

श्री गणेश न्यौपाने प्राथमिक स्वास्थ्य केन्द्र

०२/०२

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

आज मिति २०७८।०१।३० गतेका दिन देवचुली नगरपालिका नगरप्रमुख श्री पूर्ण कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा यस नगरपालिका स्तरीय विषयगत समितिको बैठक नगरप्रमुख पूर्ण कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा आइशोलेसन व्यवस्थापन सम्बन्धी बैठक बसी तपसिलको प्रस्तावहरूमाथि छलफल गरी निर्णयहरू गरियो।

उपस्थिति :

श्री पूर्ण कुमार श्रेष्ठ नगरप्रमुख देवचुली नगरपालिका

श्री पार्वता तिवारी ~~नगरप्रमुख~~ उपप्रमुख देवचुली नगरपालिका

श्री गोबिन्द सिग्देल प्रमुख प्रशासकिय अधिकृत "

श्री कुल बहादुर क्षत्री प्रवक्ता एवं प्रमुख आर्थिक समिति

श्री गोपाल राज शर्मा संयोजक पुर्वाधार बिकास शाखा

श्री भुपराज पाठक संयोजक पुर्वाधार ~~बिकास~~ बिकास शाखा

श्री दिनानाथ ~~[illegible]~~ भुषाल संयोजक विधान समिति

श्री हेमराज ढकाल संयोजक विपद् व्यवस्थापन समिति

श्री बिष्णु प्रसाद आचार्य संयोजक सामाजिक विकास समिति

डा. अमरनाथ झा, मे.अ., कोरोना इन्चार्ज, दुम्कौली अ.

डा. विकास अधिकारी मे.अ. कोरोना फोकल पर्सन, दु.अ.

डिल्लीलाल श्रेष्ठ प्रा.अ. कार्य देवचुली न.पा.

श्री राम कुमार श्रेष्ठ, जनस्वास्थ्य अधिकृत, दे.न.पा

श्री कामश्री सापकोटा, सूचना अधिकारी, दे.न.पा

Scanned with CamScanner